# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, फागुन १९ गते, २०७६ साल (संख्या ४७

## भाग ३

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

**<u>प्राइभेट फर्म रजिष्ट्रेशन (बाह्रौं संशोधन) नियमावली, २०७६</u>**

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम “प्राइभेट फर्म रजिष्ट्रेशन (बाह्रौं संशोधन) नियमावली, २०७६” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली,२०३४ को नियम ३ मा संशोधन** : प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (यसपछि “मूल नियमावली” भनिएको) को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

"३. फर्म रजिष्ट्रेशन गराउन दरखास्त दिनु पर्नेः (१) निकासी पैठारी व्यापार सम्बन्धी प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) मा लेखिएको विषय बाहेकका अन्य विषयको प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले सम्बन्धित विभागमा दरखास्त दिनु पर्नेछ ।

(३) ऐनको दफा ५क. बमोजिमको कानूनी व्यवस्था नभएसम्मको लागि वाणिज्य सम्बन्धी विषयका प्राइभेट फर्म रजिष्ट्रेशन गराउनका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागमा दरखास्त दिन सकिनेछ ।

(४) यस नियम बमोजिम दरखास्त दिँदा नियम ४ बमोजिमको दस्तुर संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा दिनु पर्नेछ। "

३. **<u>मूल नियमावलीको नियम ४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-

"४. <u>रजिष्ट्रेशन दस्तुर</u> : (१) देहायको पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्दा देहाय बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ :-

| | |
|---|---|
| (क) दश लाख रुपैयाँसम्म | एक हजार रुपैयाँ, |
| (ख) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | पाँच हजार रुपैयाँ, |
| (ग) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँ सम्म | दश हजार रुपैयाँ, |
| (घ) एक करोडरुपैयाँ भन्दा बढी दश करोड रुपैयाँसम्म | पचास हजार रुपैयाँ, |
| (ङ) दश करोड रुपैयाँभन्दा बढी जति सुकै पूँजी भएमा | पचहत्तर हजार रुपैयाँ। |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित समुदाय र विपन्न वर्गका व्यक्तिले प्राइभेट फर्म रजिष्ट्रेशन गर्न चाहेमा त्यस्तो फर्म रजिष्ट्रेशन गर्दा उपनियम (१) बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।"

४. **<u>मूल नियमावलीको नियम ६ मा संशोधन</u>**: मूल नियमावलीको नियम ६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) नियम ३ बमोजिम परेको दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म रजिष्ट्रेशन गर्न मनासिब देखेमा सम्बन्धित विभागले त्यस्तो प्राइभेट फर्मको नाम विभागको रजिष्ट्ररमा

जनाई दरखास्तवालालाई अनुसूची–२ बमोजिमको ढाँचामा फर्म रजिष्ट्रेशन प्रमाणपत्र दिनु पर्नेछ। त्यसरी फर्म रजिष्ट्रेशन गरिसके पछि नियम ३ को उपनियम (१) मा उल्लेख भए बाहेकका अन्य प्राइभेट फर्मको रजिष्ट्रेशन सम्बन्धी विवरण त्यस्तो फर्म रजिष्ट्रेशन भएको मितिले सात दिनभित्र सम्बन्धित प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।"

५. <u>मूल नियमावलीको नियम ७ मा संशोधन</u> : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (३) को स्पष्टीकरणमा रहेका "कार्यालयलाई जनाउँछ" भन्ने शब्दहरुको सट्टा "कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको वाणिज्य तथा उद्योग हेर्ने विभाग वा कार्यालयलाई समेत जनाउँछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) उपनियम (३) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले देहाय बमोजिमको दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण, नाम सारी वा नाम परिवर्तन गरिदिनु पर्नेछ :-

| | | |
|---|---|---|
| (क) | नवीकरण दस्तुर | नियम ४ बमोजिमको रजिष्ट्रेशन दस्तुरको दश प्रतिशतले हुन आउने रकम । |
| (ख) | रजिष्ट्रेशन प्रमाणपत्रको प्रतिलिपि दस्तुर | तीन सय रुपैयाँ । |
| (ग) | नामसारी दस्तुर | फर्म रजिष्ट्रेशन गर्न लाग्ने दस्तुर बराबरको रकम । |

(घ) नाम परिवर्तन दस्तुर फर्म रजिष्ट्रेशन गर्न लाग्ने दस्तुरको पचास प्रतिशतले हुन आउने रकम।"

(३) उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छः-

"(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत कायम रहेका प्राइभेट फर्मको नवीकरण, नामसारी वा नाम परिवर्तन ऐनको दफा ५क. बमोजिम सम्बन्धित प्रदेश कानूनमा व्यवस्था नहुन्जेल सम्म यस नियमावली बमोजिम गर्न सकिनेछ । त्यसरी प्राइभेट फर्मको नवीकरण, नामसारी वा नाम परिवर्तन गरेको मितिले सात दिन भित्र त्यसको जानकारी सम्बन्धित प्रदेशको सम्बन्धित मन्त्रालयलाई दिनु पर्नेछ।"

६. <u>मूल नियमावलीको नियम १० मा संशोधन</u> : मूल नियमावलीको नियम १० को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले त्यसको मनासिब कारण खुलाई संवत् २०७७ साल असार मसान्तभित्र नवीकरण गराउनको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासिब देखिएमा सम्बन्धित विभागले नियम ७ को उपनियम (४) बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण

दस्तुरको तेब्बर दस्तुर र देहाय बमोजिमको जरिबाना समेत लिई दरखास्त परेको मितिले तीन दिन भित्र त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछः-

(क) बीस लाख रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्मको हकमा त्यस्तो प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि दुई हजार पाँच सय रुपैयाँका दरले,

(ख) बीस लाख रुपैयाँ भन्दाबढी पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि पाँच हजार पाँच सय रुपैयाँका दरले ।"

७. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची-१ मा रहेका "श्री महानिर्देशक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय उद्योग वाणिज्य विभाग" भन्ने शब्दहरूको सट्टा " श्री.........महानिर्देशक/प्रमुख .........विभाग/कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) अनुसूची-२ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-२ राखिएको छ।

(३) अनुसूची-३ र अनुसूची-४ खारेज गरिएका छन्।

"अनुसूची-२
(नियम ६ सँग सम्बन्धित)

.........सरकार

.................... मन्त्रालय

-------------------- विभाग/कार्यालय

प्रा.फा.नं.

प्रमाणपत्र

निम्न लेखिएको विवरण भएको ....................संवत् २० साल गते रोज मा प्राइभेट फर्म प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाणपत्र दिइएको छ।

विवरण

धनी (प्रोप्राइटर) को नाम, थर र ठेगानाः-
फर्मको ठेगानाः-
पूँजी रुः-
उद्देश्यः-
अश्वशक्ति(उद्योग सम्बन्धी प्राइभेट फर्मको हकमा):
मितिः

महानिर्देशक/प्रमुख

नवीकरण सम्बन्धी विवरण

मिति......देखि.......सम्म

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण बहाल रहने मिति | दस्तखत, मिति र कार्यालयको छाप |
|---|---|---|---|
| | | | |

"

आज्ञाले,
बैकुण्ठ अर्याल
नेपाल सरकारको सचिव